# कनकासुन्दरी गाउँपालिकाको गाउँसभाको १७ औँ अधिवेशनमा गाउँपालिका अध्यक्ष दामोदर प्रसाद आचार्य ज्यूले प्रस्तुत गर्नु भएको

## नीति तथा कार्यक्रम २०८३।०८४

कनकासुन्दरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय बिराट, सिंजा जुम्ला

**यस सम्मानित सभामा उपस्थित**
**प्रमुख अतिथि ज्यू,**
**उपाध्यक्ष ज्यू,**
**सम्मानित सभाका सदस्य ज्यूहरु,**
**कर्मचारी मित्रहरु,**
**पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु ।**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मर्म र संविधानले सुनिश्चित गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्दै समुन्नत र आत्मनिर्भर कनकासुन्दरी गाउँपालिका निर्माण गर्ने दृढ संकल्पका साथ हामी निरन्तर क्रियाशील छौं । नेपाली जनताको लामो संघर्ष, त्याग तथा सहिदहरूको बलिदानीबाट प्राप्त शासन व्यवस्था मार्फत गाउँपालिकावासीका सपना र आकांक्षालाई साकार पार्दै सुन्दर, विकसित र समृद्ध कनकासुन्दरी निर्माण गर्न हामी प्रतिबद्ध रहेका छौं । "**कनकासुन्दरी गाउँपालिकाको समुन्नतिको आधार : कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार**" भन्ने पञ्चवर्षीय आवधिक योजनाको दूरदृष्टिलाई सफलतापूर्वक कार्यान्वयन गर्न गाउँपालिका निरन्तर अग्रसर रहेको छ । स्थानीय स्रोत–साधनको अधिकतम परिचालन, गुणस्तरीय पूर्वाधार विकास, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन र समतामूलक समाज निर्माण गर्नका लागी यस गाउँपालिका अन्तर्गतका राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, शिक्षक, कर्मचारी, सञ्चारकर्मी सबैले दिएका राय, सल्लाह र सुझावलाई समेत नीतिमा समेट्ने प्रयास गरेको छु ।

यस ऐतिहासिक यात्रामा साथ, सहयोग र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, शिक्षक, कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा सम्पूर्ण गाउँपालिकावासी प्रति हार्दिक आभार व्यक्त गर्दै १७ औँ गाउँसभामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । सबैको साझा प्रयासबाट समृद्ध कनकासुन्दरी निर्माणको लक्ष्य अवश्य प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

**समिक्षा**

नेपालको संविधानले सुनिश्चिच गरेका तिन तहका सरकारहरु मध्ये जनताको नजिकमा रहेर जनताको सु:ख दु:खमा साथ दिने सरकार स्थानिय सरकार हो । कुनै पनि सरकारका आफ्ना अवयवहरु खडा भइ सरकार सन्चालन गरेको हुन्छ । मुलत: सरकारका तिन क्षेत्रहरु कार्यापलिका, न्यायपालिका र व्यवस्थापिका नभई सरकार सन्चालन गर्न सकिदैन । जसका लागी ऐन, कानुन, कार्यविधि जरुरि हुन्छ । नेपालको संविधानले स्थानिय सरकारलाई स्व-शासन र साझा शासनको रुपमा अधिकार बाँडफाँड गरेको छ । सरकार सन्चालनमा रहेका जनप्रतिनिधिहरु तथा पार्टी प्रतिनिधिहरु र सामाजिक क्षेत्रका अगुवा तथा आम जनाताले समिक्षा गर्नु पर्दछ की स्थानिय सरकार सवल, सक्षम, बलियो हुनका लागी जनप्रतितिधि तथा कर्मचारीको अनुभव, दक्षता, क्षमता र विज्ञता जरुरी रहन्छ । हाम्रो कनकासुन्दरी गाउँपालकाको सन्दर्भमा हामी क्रमश अनुभव, क्षमता विकास, ऐन, नियम, कार्यविधि, निर्देशिका निर्माण र कार्यन्वयनमा गई रहेका छौ र सरकारको रुपमा आत्मनिर्भर सवल सक्षम र बलियो हुने प्रकृयामा छौ । गत आर्थिक वर्ष २०८३।०८४ को निति तथा कार्यक्रम, सभाबाट पारित भएका योजनाहरु, ठेक्का प्रकृया मार्फत सन्चालित योजनाहरु र केही गाउँसभाको १६ औँ अधिवेशबाट संसोधन गरिएका योजनाहरु सम्पन्न भई भुक्तानी लिन बाँकी भए पनि निर्धारित समय भित्र सम्पूर्ण योजनाहरु सम्पन्न हुनेछन । असारे विकासलाई निरुत्साहित गरिएको छ र जनतालाई छिटो छरितोको रुपमा सेवा दिने प्रयत्नमा हामी लागी परेका छौ । योजना तथा कार्यक्रम सन्चालनका लागी समय, सिजन र कार्यालयबाट सम्पादित हुनु पर्ने सबै सेवाहरु स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी तथा भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनिय काम भएका छन ।

**यस सम्मानित सभाका सदस्य ज्यूहरु ,**

अव म आगामी आर्थिक वर्ष २०८३।०८४ मा हाम्रो गाउँपालिकाको जम्मा बजेट ४५ करोड १२ लाख ७७ हजार ९ सय ७४ रुपैया हुने अनुमान गरेको छु जस मध्ये

- संघिय सरकारको अनुदान
  - वितिय समानिकरण अनुदान रु. १० करोड १५ लाख
  - सशर्त अनुदान पुजिगत रु. २ करोड १५ लाख
  - सशर्त अनुदान चालु रु. १६ करोड ८८ लाख
  - समपुरक अनुदान रु. २२ लाख
- राजश्व बाँडफाँड रु. ९ करोड ५४ लाख ९४ हजार
- प्रदेश सरकारको अनुदान
  - वितिय समानिकरण रु. १ करोड ३२ लाख ०८ हजार
  - सशर्त अनुदान रु. २ करोड १३ लाख २५ हजार

- राजश्व बाँडफाँड रु. १५ लाख ५९ हजार ४२० रुपैया

➢ गाउँपालिकाको आन्तरिक आम्दानी

- राजश्व संकलन रु. ३२ लाख
- आन्तरिक स्रोत रु. २ करोड २५ लाख

➢ गैर सरकारी संघ संस्थाबाट सन्चालन हुने कार्यक्रम

- पेस नेपाल, जुम्ला रु. ४१ लाख ३ हजार ९ सय ३२ रुपैया
- किडार्क नेपाल रु. ४० लाख
- क्याड नेपाल रु. ९४ लाख १६ हजार पाँच सय पचपन्न रुपैया मात्र

**चालु आ.व. को हाल सम्मको उपलब्धिको संक्षिप्त विवरण**

कनकासुन्दरी गाउँपालिकाले भौतिक पूर्वाधार, कृषि तथा सिँचाइ, सामाजिक विकास, आर्थिक उन्नति, वातावरण संरक्षण तथा सुशासनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ । गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा कच्ची, ग्राभेल, RCC तथा PCC सडक निर्माण गरी यातायात पहुँच विस्तार गरिएको छ। वडा नं. ४ भैसेरीमा पक्की पुल तथा वडा नं. ८ कोटघरमा बेलिब्रिज पुल निर्माण सम्पन्न भई आवागमन सहज र सुरक्षित बनेको छ । पाँचवटै सामुदायिक स्वास्थ्य केन्द्रमा पक्की भवन तथा आवश्यक स्वास्थ्य उपकरणको व्यवस्था गरिएको छ भने अधिकांश सामुदायिक माध्यमिक विद्यालयमा पक्की भवन निर्माण गरी शैक्षिक वातावरणमा सुधार ल्याइएको छ। वडा कार्यालय नभएका वडाहरूमा कार्यालय भवन निर्माण गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ।

कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाका लागि सिँचाइ सुविधाको विस्तारलाई प्राथमिकता दिइएको छ। कुल ८७५० हेक्टर खेतीयोग्य जमिन मध्ये ५०५९.५ हेक्टरमा खेती भइरहेको र १८५८.१९ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध भएको छ । बाढी तथा पहिरोबाट क्षतिग्रस्त सिँचाइ कुलोहरूको पुनर्निर्माण तथा मर्मत गरी जुम्ली मार्सी धान उत्पादन वृद्धि गर्ने प्रयास गरिएको छ । बन्दिराज सिँचाइ कुलो निर्माण सुरु भई संघीय सरकारबाट बजेट सुनिश्चित भएको छ भने भैसेरी–बडुवालबाडासहित अन्य ठूला सिँचाइ आयोजना केही सम्पन्न र केही निर्माणाधीन अवस्थामा रहेका छन्।

सामाजिक विकासतर्फ वडा नं. ४ मा १५ शैयाको अस्पताल निर्माण कार्य तीव्र गतिमा अगाडि बढाइएको छ। जिउगाड खानेपानी आयोजना कार्यान्वयनका लागि संघीय सरकार मार्फत आवश्यक पहल भइरहेको छ। सामाजिक सुरक्षा भत्ता वितरणलाई वडा तहसम्म सहज बनाइएको छ भने एमबीबीएस छात्रवृत्ति, विपद् राहत तथा जटिल रोग उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको छ। कृषि तथा पशुपालन प्रवर्द्धनका लागि शीतभण्डार स्थापना, विभिन्न बाली तथा पशुपालन पकेट क्षेत्र विकास, अनुदान, कृत्रिम गर्भाधान, निःशुल्क खोप तथा औषधि वितरण कार्यक्रम सञ्चालन गरिएको छ।

वन तथा वातावरण संरक्षण, जडीबुटी, हरित उद्यम र पर्यापर्यटन विकासलाई प्राथमिकता दिइएको छ । विपद् व्यवस्थापन कोष, LDCRP र DPRP कार्यान्वयन, जग्गा भू-वर्गीकरण, राजस्व सुधार, टोल–फ्री

सेवा, एम्बुलेन्स तथा दूरसञ्चार सेवाको विस्तारमार्फत गाउँपालिकाले जनमैत्री, पारदर्शी र उत्तरदायी स्थानीय शासन प्रणालीको विकास गरिएको छ।

अब म संक्षेपमा यस गाउँपालिकाले अख्तीयार गर्ने नीतिहरु यहाँहरु समक्ष राख्न चाहन्छु।

## आर्थिक विकास सम्बन्धि नीतिहरु

१. कनकासुन्दरी गाउँपालिका भित्र रहेका पर्यटकीय, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रचारप्रसार गरी पर्यटन विकासलाई प्राथमिकता दिइनेछ। साथै स्थानीय उत्पादनमा आधारित परिकार, हस्तकला तथा घरेलु उत्पादनहरूको प्रवर्द्धन गर्दै पर्यटनसँग जोडिएका आयआर्जनका अवसरहरू विस्तार गरिनेछ।

२. कृषि, बागबानी, स्याउ, मौरी, ओखर लगायतका पकेट क्षेत्रहरूको विस्तार गरी कृषकहरूलाई आधुनिक प्रविधि, सीप, तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। कृषि उपज प्रदर्शनी मेला आयोजना गरी उत्कृष्ट कृषकहरूलाई सम्मान गरिनेछ तथा कृषि उत्पादनको बजारीकरण र कृषि बीमा कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।

३. पशुपन्छी व्यवस्थापनसम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ। भेडा–बाख्राको ऊन प्रशोधन, राडीपाखी तथा ढाका बुनाइ, ठेटुवा कपडा, अल्लो तथा अन्य स्थानीय उत्पादनको प्रशोधन, उत्पादन र बजारीकरणलाई प्रोत्साहन गरी ग्रामीण उद्यमशीलताको विकास गरिनेछ।

४. होटल, भोजनालय, चमेनागृह लगायतका व्यवसायहरूको पूर्वाधार, सरसफाइ र खाद्य गुणस्तर सुनिश्चित गर्न नियमित निरीक्षण तथा अनुगमन गरिनेछ। स्थानीय उत्पादनमा आधारित खाद्य परिकारको विकास र प्रवर्द्धनका लागि आवश्यक तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५. करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी सबै करदातालाई करको दायरामा समेटिनेछ। कृषि तथा पर्यटनमा आधारित उद्योग र व्यवसायलाई लागत साझेदारीमा अनुदान उपलब्ध गराई "एक वडा–एक उद्यमी" कार्यक्रममार्फत स्थानीय रोजगारी, उत्पादन र आर्थिक समृद्धिलाई प्रवर्द्धन गरिनेछ।

## सामाजिक विकास सम्बन्धि नीतिहरु

१. सबै नागरिकका लागि निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्न स्वास्थ्य संस्थाहरूमा आवश्यक स्रोत–साधनको व्यवस्था गरिनेछ । अपाङ्गता भएका व्यक्ति, अशक्त तथा ज्येष्ठ नागरिकका लागि घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । गर्भवती तथा सुत्केरी आमाका लागि सञ्चालित आपतकालीन कोषलाई थप सुदृढ बनाइनेछ तथा स्वास्थ्य बीमाको पहुँच विस्तार गर्न आवश्यक पहल गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरणलाई थप सहज, व्यवस्थित र पहुँचयोग्य बनाउँदै निरन्तरता दिइनेछ ।

२. विद्यालयहरूमा बालमैत्री तथा गुणस्तरीय शिक्षण सिकाइ प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर विस्तार गर्न नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ। साथै लक्षित वर्गका नागरिकहरूलाई सीप, उद्यमशीलता तथा स्वरोजगारमुखी तालिम प्रदान गरी आत्मनिर्भर बनाउन जोड दिइनेछ।

३. वडा नं. ७ खिच्चनेमा रंगशाला निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ । गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता नियमित सञ्चालन गरी युवाहरूमा खेलकुद संस्कृतिको विकास, प्रतिभा पहिचान तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गरिनेछ ।

४. छुवाछुत, महिला हिंसा, घरेलु हिंसा, बालविवाह, बहुविवाह, छुई प्रथा, मानव बेचबिखन तथा लागूऔषध दुर्व्यसनजस्ता सामाजिक विकृतिहरू न्यूनीकरण गर्न सचेतना, समन्वय र अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ। सभ्य, समतामूलक र सुसंस्कृत समाज निर्माणमा विशेष जोड दिइनेछ।

५. हरेक घरधुरीको पारिवारिक विवरण अद्यावधिक गरी सुरक्षित अभिलेखीकरण गरिनेछ। व्यक्तिगत घटना दर्ता सम्बन्धी पुराना अभिलेखहरू डिजिटाइजेसन गरी VERSP-MIS प्रणालीमा भण्डारण गरिनेछ। सबै नागरिकको घटना दर्ताको अधिकार सुनिश्चित गर्दै कम्तीमा एक सामुदायिक सूचना केन्द्र सञ्चालनमा ल्याइनेछ।

६. गाउँपालिकाभित्र गठन भएका टोल विकास संस्था, बाल क्लब, युवा क्लब तथा किशोरकिशोरी क्लबका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गरिनेछ । समुदायमा आधारित संस्थाहरूलाई विकास साझेदारका रूपमा परिचालन गर्दै स्थानीय विकास, सुशासन र सामाजिक उत्तरदायित्व प्रवर्द्धनमा सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

## पूर्वाधार विकास सम्बन्धि नीतिहरु

१. सार्वजनिक खर्चलाई थप मितव्ययी र प्रभावकारी बनाउन अबदेखि रु. १० लाखभन्दा बढी लागत भएका योजनाहरूमा मात्र होडिङ बोर्ड राख्ने व्यवस्था लागू गरिनेछ, जसबाट अनावश्यक प्रशासनिक खर्च न्यूनीकरण गरी विकास निर्माणमा स्रोतको अधिकतम उपयोग सुनिश्चित गरिनेछ।

२. भवन निर्माणलाई व्यवस्थित, सुरक्षित र अभिलेखीकृत बनाउन भवन नक्सा पास तथा अभिलेखीकरण शुल्क रु. ३ प्रति वर्गफिटबाट रु. ५ प्रति वर्गफिट कायम गरिनेछ। साथै गाउँपालिका क्षेत्रभित्र सार्वजनिक तथा निजी भवन निर्माण गर्दा अनिवार्य रूपमा भवन निर्माण मापदण्ड पालना गरी नक्सा स्वीकृतिपश्चात मात्र निर्माण कार्य सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

३. योजनाको लागत अनुमान, सर्वेक्षण तथा प्राविधिक कार्यलाई छिटो, सरल, पारदर्शी र त्रुटिरहित बनाउन लागत इस्टिमेट सफ्टवेयरको व्यवस्था गरिनेछ। साथै प्राविधिक कर्मचारीहरूलाई फिल्ड अनुगमन तथा सर्वेक्षण कार्यका लागि आवश्यक उपकरण तथा सामग्री उपलब्ध गराइनेछ।

४. गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण योजनाहरूको गुणस्तर परीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक गुणस्तर परीक्षण उपकरणको व्यवस्था गरिनेछ। यसबाट निर्माण कार्यको गुणस्तर, दिगोपन तथा पारदर्शिता सुनिश्चित गरिनेछ।

५. विकास आयोजनामा स्थानीय स्वामित्व र उत्तरदायित्व अभिवृद्धि गर्न भवन निर्माण आयोजनामा ५ प्रतिशत र अन्य आयोजनामा १० प्रतिशत जनश्रमदानको व्यवस्था गरिनेछ। साथै उपभोक्ता समिति, प्राविधिक कर्मचारी तथा टोल विकास संस्थाबीच समन्वय, पारदर्शिता र प्रभावकारी कार्यसम्पादनका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

**वातावरण, विपद् व्यावस्थापन तथा जलवायू परिवर्तन सम्बन्धि नीतिहरु**

१. वातावरणीय स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै वन, वन्यजन्तु, पशुपन्छी, वनस्पति तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

२. नदी तथा पहिरो नियन्त्रण, जलाधार संरक्षण, वन फँडानी नियन्त्रण, डढेलो व्यवस्थापन, वन्यजन्तु चोरी–निकासी नियन्त्रण तथा वन पैदावारको संरक्षण र व्यवस्थापनका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

३. प्लास्टिकजन्य वस्तुको प्रयोग निरुत्साहित गर्दै सार्वजनिक स्थलमा व्यवस्थित फोहोर संकलन प्रणाली विकास गरिनेछ। घरमै फोहोर वर्गीकरण, संकलन, प्रशोधन तथा व्यवस्थापनका लागि इको क्लब गठन तथा परिचालन गरिनेछ।

४. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अनुकूलनका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। साथै जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्यरत विभिन्न निकायसँग सहकार्य र समन्वयलाई सुदृढ गरिनेछ।

५. वडा स्तरीय विपद् व्यवस्थापन समितिहरूको क्षमता अभिवृद्धि गरी प्रभावकारी परिचालन गरिनेछ। खोज तथा उद्धार, पूर्वसूचना प्रणाली, प्राथमिक उपचार तथा आपतकालीन व्यवस्थापनका लागि आवश्यक तालिम र सामग्रीको व्यवस्था गरिनेछ।

६. विपद् व्यवस्थापन शाखाअन्तर्गत सञ्चालनमा रहेको आपतकालीन कार्य सञ्चालन केन्द्रलाई थप व्यवस्थित, स्रोतसाधनयुक्त र प्रभावकारी बनाइनेछ।

७. सामुदायिक वनका पदाधिकारी, टोल विकास संस्था तथा स्थानीय समुदायको क्षमता विकास गरी वन संरक्षण अभियानलाई सशक्त बनाइनेछ। साथै बजार तथा सार्वजनिक क्षेत्रको हरियाली प्रवर्द्धन गरी वातावरणीय सौन्दर्य अभिवृद्धि गरिनेछ।

८. प्रत्येक आर्थिक वर्षमा सञ्चालन हुने विकास आयोजनाहरूमा बायो–इन्जिनियरिङ प्रविधिको अनिवार्य प्रयोग गरी वातावरणीय जोखिम न्यूनीकरण तथा दिगो पूर्वाधार निर्माणलाई प्रवर्द्धन गरिनेछ।

९. गिट्टी, बालुवा तथा वन पैदावारको अनियन्त्रित उत्खननलाई नियन्त्रण गरी वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) को आधारमा कानुनी तथा व्यवस्थित रूपमा उपयोग र राजस्व व्यवस्थापन गरिनेछ।

१०. स्थानीय जलवायु उत्थानशील योजना (LAPA) तथा विपद् पूर्वतयारी एवं प्रतिकार्य योजनालाई समयानुकूल अद्यावधिक गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

**बजेट योजना तथा वित्तिय व्यवस्थापन सम्बन्धि नीतिहरु**

१. प्रत्येक आ.व.मा राजश्व सम्भाव्यता अध्ययन र प्रक्षेपण भई आन्तरिक आयमा १० प्रतिशत अभिबृद्धि भएको हुनेछ।
२. आगामी बर्ष भित्र सहभागितामूलक एवं समावेशी योजना तर्जुमा र कार्यान्वयन (विपन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदायका व्यक्तिको सहभागिता सुनिश्चित भएको) प्रक्रिया अवलम्वन गरी योजना तर्जुमा गरिनेछ ।

**स्वास्थ्य सम्बन्धि नीतिहरु**

१. गाउँपालिका भित्रका सबै नागरिकलाई गुणस्तरीय, सर्वसुलभ, समतामूलक तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ । स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति, उपकरण तथा बजेट व्यवस्थापन गरिनेछ।

२. दुर्गम तथा स्वास्थ्य सेवाको न्यून पहुँच भएका बस्तीहरूमा घुम्ती स्वास्थ्य सेवा, विशेषज्ञ स्वास्थ्य शिविर तथा टेलिमेडिसिन सेवाको विस्तार गरिनेछ।

३. सुरक्षित मातृत्व, नवजात शिशु तथा पोषण सुधारलाई प्राथमिकता दिँदै पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम सञ्चालन गरिनेछ। बर्थिङ सेन्टरका स्वास्थ्यकर्मीहरूका लागि MNH Onsite Coaching, PNC तथा MPDSR सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। वडा नं १ को रिया र मर्फानमा सामुदायीक स्वास्थ्य ईकाइ मार्फत सेवा प्रवाह सुचारु गरिनेछ। वडा नं. ६ को बर्थिङ सेन्टरलाई थप सुदृढ बनाइनेछ।

४. स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ तथा प्राविधिक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि Implant, IUCD, ग्रामीण अल्ट्रासाउन्ड लगायतका सीपमूलक तालिम सञ्चालन गरिनेछ, जसबाट गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिनेछ।

५. हाटसिँजामा सञ्चालित सामुदायिक पोषण केन्द्रलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। साथै आँखा उपचार केन्द्रलाई व्यवस्थित गरी वर्षमा कम्तीमा एक पटक निःशुल्क आँखा उपचार शिविर सञ्चालन गरिनेछ र विद्यमान सामुदायिक स्वास्थ्य केन्द्रहरूको सेवा तथा व्यवस्थापनलाई थप सुदृढ बनाइनेछ।

## आयुर्वेद तर्फका नीतिहरु

१. नागरिकलाई निरन्तर र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन अत्यावश्यक औषधि, स्वास्थ्य उपकरण, स्टिमबाथ तथा सुरक्षा सामग्रीहरूको नियमित खरिद, भण्डारण र आपूर्तिका लागि आवश्यक बजेट तथा व्यवस्थापनको सुनिश्चितता गरिनेछ।

२. गाउँपालिकाभित्र पाइने औषधीय गुणयुक्त जडीबुटीहरूको पहिचान, संरक्षण, उपयोगिता, खेती प्रविधि तथा औषधीय प्रयोग सम्बन्धी ज्ञानको आदान–प्रदान गरिनेछ। साथै सार्वजनिक तथा उपयुक्त अन्य क्षेत्रहरूमा जडीबुटी खेती विस्तार गरी आयआर्जन र उद्यमशीलताको आधार विकास गरिनेछ।

३. स्थानीय स्तरमा क्रियाशील धामी, झाँक्री, वैद्य तथा जडीबुटीसम्बन्धी ज्ञान भएका व्यक्तिहरूसँग समन्वय गरी सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट परम्परागत ज्ञानको संरक्षणसँगै सुरक्षित र वैज्ञानिक प्रयोगलाई प्रोत्साहन गरिनेछ।

## राजश्व सम्बन्धि नीतिहरु

१. प्रशासनिक संयन्त्रलाई छरितो, पारदर्शी, उत्तरदायी तथा मितव्ययी बनाउँदै अनावश्यक प्रशासनिक खर्च न्यूनीकरण गरिनेछ। बचत भएको स्रोतलाई विकास निर्माण तथा जनमुखी कार्यक्रमहरूमा परिचालन गरी विकास बजेटको हिस्सा वृद्धि गरिनेछ।

२. गाउँपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम कर, सेवा शुल्क, दस्तुर तथा भाडा सम्बन्धी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै राजस्व प्रशासनलाई थप व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ।

३. गाउँपालिकाको आन्तरिक आय अभिवृद्धि गर्न स्थानीय बासिन्दाहरूलाई आफ्नो सम्पत्तिको विवरण तथा लालपुर्जा वडा कार्यालयमा दर्ता गराउन प्रोत्साहित गरिनेछ। यसबाट सम्पत्ति अभिलेखीकरणलाई व्यवस्थित बनाई राजस्वको दायरा विस्तार गरिनेछ।

४. गाउँपालिकालाई आवश्यक पर्ने वस्तु तथा सेवाहरू खरिद गर्दा कानुनबमोजिम दर्ता तथा सूचीकृत स्थानीय व्यवसायीलाई प्राथमिकता दिइनेछ, जसबाट स्थानीय व्यापार, उद्यमशीलता र आर्थिक गतिविधिमा सकारात्मक योगदान पुग्नेछ।

५. आगामी आर्थिक वर्षमा राजस्व सुधार योजना तर्जुमा गरी राजस्व संकलन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । साथै करदातामैत्री वातावरण सिर्जना गर्दै स्थानीय नागरिकहरूलाई कर तथा राजस्व सम्बन्धी शिक्षा, सचेतना र अभिमुखीकरण कार्यक्रममार्फत स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ।

**शिक्षा सम्बन्धि नीतिहरु**

१. सामुदायिक विद्यालयप्रति जनविश्वास अभिवृद्धि गर्नेविद्यालय व्यवस्थापन, अभिभावक र स्थानीय तहबीचको सहकार्य तथा सुशासनलाई सुदृढ बनाइनेछ । विद्यालय बाहिर रहेका सबै बालबालिकाको खोजी गरी विद्यालय भर्ना सुनिश्चित गर्दै "सबै बालबालिका विद्यालयमा" भएको पालिका घोषणा गरिनेछ।

२. स्थानीय भाषा, कला, संस्कृति, इतिहास, सिजा सभ्यता तथा मौलिक ज्ञानलाई विद्यालय शिक्षासँग आबद्ध गरी स्थानीय पहिचानको संरक्षण र प्रवर्द्धन गरिनेछ । साथै ऐतिहासिक सिजा सभ्यता र खस नेपाली भाषाको अध्ययन तथा अनुसन्धानमा संलग्न शोधार्थीहरूलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिनेछ।

३. विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीहरूको क्षमता विकास तालिम सञ्चालन गरिनेछ। साथै Teacher Circulation Group गठन गरी विषयगत प्रशिक्षक परिचालन गरिनेछ।

४. सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई सुदृढ गर्दै कक्षा १–३ का लागि स्थानीय पाठ्यपुस्तक वितरण तथा उच्च कक्षाका लागि पाठ्यसामग्री विकास गरिनेछ। माध्यमिक तहमा

विज्ञान प्रदर्शनी तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ भने छनोट भएका विद्यालयहरूमा हरित विद्यालय कार्यक्रम कार्यान्वयन गरिनेछ।

५. एमबीबीएस तथा विशेष छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ तथा विद्यालयहरुमा दिइदै आएको प्र.अ. भत्ता तथा शिक्षक खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ।

**कृषि सम्बन्धि नीतिहरु**

१. शिक्षित बेरोजगार युवा, सेवा निवृत्त व्यक्ति तथा समूहलाई कृषि तथा पशुजन्य व्यवसाय स्थापना र सञ्चालनमा आकर्षित गर्न व्यावसायिक कार्यक्रम सञ्चालन गरिनेछ। स्वरोजगार, उत्पादन वृद्धि तथा आयआर्जन अभिवृद्धि गर्ने उद्यमशीलतामूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

२. बजारको मागअनुसार कृषि व्यवसाय प्रवर्द्धन गर्दै कृषक, सहकारी संस्था तथा तालिम प्रदायक निकायहरूको क्षमता अभिवृद्धिमा जोड दिइनेछ। कृषि क्षेत्रमा आवश्यक जनशक्ति विकास, सीप हस्तान्तरण तथा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

३. राजमार्ग, सहायक मार्ग तथा कृषि–ग्रामीण सडक आसपासका क्षेत्रमा विकास गरिएका कृषि पकेट क्षेत्रहरूको उत्पादनलाई बजारसँग जोड्न बजार सञ्जालको विस्तार तथा मूल्य श्रृङ्खला विकास गरिनेछ, जसबाट कृषकले उत्पादनको उचित मूल्य प्राप्त गर्न सक्ने वातावरण सिर्जना गरिनेछ।

४. प्राङ्गारिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै उत्पादन भएका कृषि वस्तुहरूको गुणस्तर प्रमाणीकरणको व्यवस्था गरिनेछ । साथै व्यावसायिक कृषि, पशुपालन, कृषि उद्योग तथा उत्पादनको जोखिम न्यूनीकरणका लागि कृषि तथा पशु बीमामा कृषकको पहुँच विस्तार गरिनेछ।

५. ओखर तथा स्याउ बगैँचा सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन तालिमप्राप्त कृषकहरूको सूचीकरण गरी आवश्यकता अनुसार परिचालन गरिनेछ । साथै पालिकाभित्रका अगुवा कृषकहरूलाई कृषक स्वयंसेवकका रूपमा परिचालन गरी कृषि प्रविधि विस्तार, परामर्श सेवा तथा स्थानीय कच्चा पदार्थमा आधारित कृषि उद्योगको विकासलाई प्रोत्साहन गरिनेछ।

**रोजगार सम्बन्धि नीतिहरु**

१.साविकको रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशिलता केन्द्रमा रुपान्तरण गरी एकिकृत सेवा प्रवाह गरिनेछ।

२. बैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तीहरुको सीप र दक्षताको उपयोग गर्दै उद्यमशिलता प्रवर्द्धन गर्ने नीति लिईनेछ।

३. शैक्षिक बेरोजगार युवाहरुलाई लक्षित गरी उद्यमशिलता प्रवर्द्धन गर्न माग तथा आवश्यकतामा आधारित तालिम कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।

४.गाउँपालिका भित्रका करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५. डिजिटल प्रविधिमा युवाहरुको पहुँच अभिबृधि गर्ने गरी उद्यमशिलता प्रवर्द्धन गर्नको लागी युथ डिजिटल लिटरेसी तालिमहरु सञ्चालन गरिनेछ ।

६. वैदेशिक रोजगारीमा जान चाहने युवाहरूका लागि सही सूचना र कानुनी परामर्श दिन 'सुरक्षित आप्रवासन' (SaMi) सूचना केन्द्र लाई प्रभावकारी बनाइनेछ ।

**खानेपानी तथा सरसफाई सम्बन्धि नीतिहरु**

१. सरसफाइका निर्धारित सूचकहरू पूरा गरेका बस्तीहरूलाई “पूर्ण सरसफाइ उन्मुख बस्ती” घोषणा गर्दै स्वच्छ, स्वस्थ र सभ्य समुदाय निर्माणका लागि जनसहभागितामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२. नागरिकलाई पानीजन्य रोगबाट सुरक्षित राख्न मुख्य जलाशय तथा वितरण केन्द्रहरूमा नियमित क्लोरिनेसन, पानीको गुणस्तर परीक्षण तथा निगरानीको व्यवस्था गरिनेछ। साथै खानेपानी सेवाको गुणस्तर, वितरण प्रणाली र महसूल व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक कानुनी तथा संस्थागत संरचना विकास गरिनेछ ।

३. ठूला तथा गौरवका खानेपानी आयोजनाहरूको निर्माणपूर्व र निर्माणपश्चात् क्षमता विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिनेछ । पुराना खानेपानी तथा सरसफाइ आयोजनाको मर्मत–सम्भारलाई प्राथमिकता दिँदै “एक घर–एक धारा” अवधारणा कार्यान्वयनमा जोड दिइनेछ ।

४. बजार तथा बस्ती क्षेत्रमा ‘थ्री–आर’ (Reduce, Reuse, Recycle) सिद्धान्तमा आधारित फोहोर व्यवस्थापन प्रणाली लागू गरिनेछ । स्रोतमै फोहोर वर्गीकरण, पुनःप्रयोग तथा पुनर्चक्रणलाई प्रोत्साहन गर्न सचेतना कार्यक्रम तथा आवश्यक सामग्री वितरण गरिनेछ ।

५. खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी, उत्तरदायी र दिगो बनाउन विद्यमान वास इकाईको संस्थागत क्षमता तथा संरचनात्मक स्थायित्व सुदृढ गरिनेछ ।

६. गाउँपालिकाभित्र सञ्चालित विद्युत गृहहरूको क्षमता अभिवृद्धि गरी थप गाउँबस्तीमा विद्युत सेवा विस्तार गरिनेछ । साथै राष्ट्रिय विद्युत प्रसारण लाइन विस्तारका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

७. जलविद्युत तथा सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जा आयोजनामा निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक जग्गा प्राप्ति, पहुँच मार्ग निर्माण तथा अन्य पूर्वाधार विकासमा गाउँपालिकाले सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

**पशुपन्छी विकास सम्बन्धि नीतिहरु**

१. पशुपन्छीको स्वास्थ्य सुधार, रोगको समयमै पहिचान तथा प्रभावकारी नियन्त्रणका लागि नियमित उपचार सेवा, रोग निदान सेवा, पशु स्वास्थ्य शिविर तथा प्राविधिक सेवा विस्तार गरिनेछ । साथै आवश्यक औषधि, खोप तथा उपकरणको उपलब्धता सुनिश्चित गरी कृषकको पहुँचमा गुणस्तरीय पशु स्वास्थ्य सेवा पुऱ्याइनेछ ।

२. पशुपन्छीमा फैलिने संक्रामक तथा महामारीजन्य रोगहरूको रोकथाम र नियन्त्रणका लागि योजनाबद्ध खोप कार्यक्रम सञ्चालन गरिनेछ । पशु स्वास्थ्य निगरानी, जैविक सुरक्षा तथा रोग व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

३. कुखुरा, हाँस, बंगुर, कालिज लगायतका व्यावसायिक पशुपन्छी पालन व्यवसायलाई प्रोत्साहन गर्न उन्नत जातका चल्ला, पाठापाठी तथा अन्य आवश्यक सामग्रीमा अनुदान उपलब्ध गराइनेछ, जसबाट उत्पादन, उत्पादकत्व र कृषकको आम्दानी वृद्धि हुने अपेक्षा गरिएको छ ।

४. पशुपन्छीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि कृत्रिम गर्भाधान सेवाको विस्तार र उन्नत नस्ल प्रवर्द्धन गरिनेछ। साथै मानव, पशु र वातावरणीय स्वास्थ्यबीचको अन्तरसम्बन्धलाई ध्यानमा राखी 'One Health' अवधारणामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ तथा सामुदायिक एवं घरपालुवा कुकुरहरूको बन्ध्याकरण कार्यक्रममार्फत अनियन्त्रित संख्या वृद्धि व्यवस्थापन गरिनेछ ।

**सहकारी सम्बन्धि नीतिहरु**

**१.** सहकारीबाट बचत फिर्ता नपाएका नागरिकको उजुरी सम्बोधन गर्न विशेष गुनासो सुनुवाइ संयन्त्र स्थापना गरिनेछ ।
**२.** कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा वजारिकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरुको संग्लनतामा प्रोत्साहन गरिने छ ।
**३.** बचत तथा ऋणमा मात्र सीमित नभई कृषि, पशुपालन र जडिबुटी जस्ता उत्पादनशील क्षेत्रका सहकारीलाई प्राथमिकता दिइनेछ ।

## सामाजिक साँस्कृतिक तथा पर्यटन सम्बन्धि नीतिहरु

१. पालिकाभित्रका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका मन्दिर, गुम्वा, चर्च र ऐतिहासिक गढीहरूको अभिलेखीकरण गरी संरक्षण र जीर्णोद्धार गरिनेछ।
२. सिजा सभ्यता र संरक्षण तथा प्रर्वद्धनमा विषेश जोड दिई ऐताहाँसिक सिजा सभ्यताको प्रचार प्रसार गरिनेछ।
३. पालिकाका प्रमुख पर्यटकीय गन्तव्यहरूको वृत्तचित्र, ब्रोसर र डिजिटल नक्सा तयार गरी सामाजिक सञ्जाल तथा वेबसाइट मार्फत अन्तर्राष्ट्रिय ब्रान्डिङ गरिनेछ।

## उद्योग सम्बन्धि नीतिहरु

१. स्थानीय कच्चा पदार्थमा आधारित घरेलु, साना तथा मझौला उद्योग (MSMEs) स्थापनाका लागि विशेष अनुदान र प्राविधिक सहयोग दिइनेछ।
२. गाउँपालिकामा सम्भावनाको रुपमा रहेको स्याउ प्रशोधन उद्योग, निगालाको सामाग्री उत्पादन उद्योग, राडिपाखी, उत्पादन उद्योग, हस्तकला उद्योग स्थापना गर्न पहल गरिनेछ।
३. परम्परागत रुपमा संचालनमा रहेको आरनहरुको आधुनिकरण गर्दै जिविकोपार्जन सँग जोड्ने नीति लिइनेछ।

## सुचना तथा संचार प्रविधि सम्बन्धि नीतिहरु

**१.** जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरूका लागि प्रविधिमैत्री कार्यक्षमता बढाउन डिजिटल साक्षरता तालिम दिइनेछ।
**२.** कर्मचारीको कार्यालय नियमितता तथा जनताप्रति उत्तरदायि बनाउन इ-हाजिरि अनिवार्य गरिनेछ

## सामाजिक समावेशीकरण सम्बन्धि नीति

१. सबै किसिमका लैङ्गिक हिंसा र विभेदको प्रभावकारी ढंगले न्यूनिकरण गरिनेछ।
२. टोल विकास समिति, उपभोक्ता समिति र पालिकाका विभिन्न विषयगत समितिहरूको गठन गर्दा महिला, दलित, आदिवासी जनजाति र सीमान्तकृत समुदायको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।
३. जातीय छुवाछुत, दाइजो र छाउपडी जस्ता सामाजिक कुप्रथा विरुद्ध शून्य सहनशीलता अपनाइनेछ।
४. पालिका र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा, नीति र कार्यक्रम कत्तिको समावेशी छन् भनी मापन गर्न प्रत्येक वर्ष 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण' गराइनेछ र सोको प्रतिवेदन सार्वजनिक गरिनेछ।

## सामाजिक सुरक्षा सम्बन्धि नीतिहरु

१. नेपाल सरकारको निति अनुरुप सामाजिक सुरक्षा भत्ता स्व-ऐच्छिक लिन नचाहने लागभग्राहीलाई सम्मान गरिनेछ।

२. 'क' र 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिका परिवार तथा 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन उनीहरूको क्षमता अनुसारको स्वरोजगार तथा सीपमूलक तालिम र सहायक सामग्री (ह्विलचेयर, वैशाखी, सेतो छडी) निःशुल्क वितरण गरिनेछ।

३. ७० वर्षमाथिका ज्येष्ठ नागरिकहरूको घरमै पुगेर त्रैमासिक रूपमा निःशुल्क स्वास्थ्य जाँच, औषधी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. भत्ता वितरण प्रणालीलाई पारदर्शी बनाउन र दोहोरोपन अन्त्य गर्न 'एकीकृत सामाजिक सुरक्षा सूचना प्रणाली' (VERSP-MIS) लाई पूर्ण रूपमा अपडेट गरी अनलाइन माध्यमबाटै भत्ता नवीकरण गर्ने व्यवस्था मिलाइनेछ।

## सार्वजनिक सेवा प्रवाह र जनशक्ति व्यवस्थापन सम्बन्धि नीतिहरु

१. सार्वजनिक सेवा प्रवाहलाई छिटो, सरल, सहज, पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउँदै प्रशासनिक संयन्त्रलाई थप जिम्मेवार, सेवामुखी र प्रभावकारी बनाइनेछ, जसबाट नागरिकले गुणस्तरीय सेवा सहज रूपमा प्राप्त गर्न सक्नेछन् ।

**२.** यस गाउँपालिका अन्तर्गत विभिन्न शाखा तथा विषयगत कार्यालयहरुमा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुलाई आगामी आर्थिक वर्षमा सेवा निरन्तरता दिइनेछ र समान तह र पदमा कार्यरत रहेका श्रेणिविहिन कर्मचारीहरुको सेवा, सुविधा र पारिश्रमिक समान बनाइनेछ।

३. पालिकाको सेवा प्रवाह, कार्यसम्पादन, पारदर्शिता तथा कर्मचारीहरूको सेवाग्राहीप्रतिको व्यवहारको नियमित समीक्षा गर्न नागरिक समाज वा स्वतन्त्र संस्थामार्फत तेस्रो पक्ष मूल्याङ्कन गराइनेछ। प्राप्त सुझाव तथा प्रतिवेदनका आधारमा निरन्तर प्रशासनिक सुधार र सुशासन प्रवर्द्धन गरिनेछ।

४. सेवाप्रवाहमा देखिएका समस्या, गुनासा तथा सुझावहरूको शीघ्र सम्बोधनका लागि डिजिटल गुनासो तथा सुझाव प्रणाली सञ्चालन गरिनेछ। प्राप्त गुनासोहरूको समयबद्ध सुनुवाइ सुनिश्चित गर्दै सेवाप्रति नागरिकको विश्वास र सहभागिता अभिवृद्धि गरिनेछ।

५. सेवा प्राप्तिका लागि आवश्यक प्रक्रिया, दस्तुर, समयावधि तथा कागजात सम्बन्धी जानकारी सहज रूपमा उपलब्ध गराउन पालिका तथा वडा कार्यालयहरूमा ‘स्मार्ट नागरिक बडापत्र’ व्यवस्था गरिनेछ। “आजको काम आजै” भन्ने सिद्धान्तलाई आत्मसात् गर्दै सरल प्रकृतिका सेवाहरू तत्काल तथा अन्य सेवाहरू तोकिएको समयसीमाभित्र सम्पन्न गरिनेछ।

६. फोहोरमैला व्यवस्थापन, खानेपानी वितरण, नवीकरणीय ऊर्जा लगायतका सार्वजनिक सेवाहरूलाई प्रभावकारी बनाउन सहकारी तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी प्रवर्द्धन गरिनेछ । साथै राष्ट्रसेवक कर्मचारीहरूको व्यावसायिक आचरण, शिष्ट व्यवहार तथा सेवाग्राहीप्रतिको उत्तरदायित्व सुनिश्चित गर्न आचारसंहिता प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

**स्थानीय न्याय व्यवस्थापन सम्बन्धि नीतिहरु**

१. विपन्न, महिला, दलित, अल्पसङ्ख्यक तथा अन्य सीमान्तकृत समुदायको न्यायमा पहुँच सुनिश्चित गर्न कानुनी साक्षरता, अधिकारसम्बन्धी सचेतना तथा जनजागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. स्थानीय स्तरमा हुने विवादहरूको छिटो, सहज र प्रभावकारी समाधानका लागि न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ । साथै वडास्तरीय मेलमिलाप केन्द्रहरूको व्यवस्थापन, सञ्चालन र प्रभावकारिता सुदृढ बनाई न्यायिक सेवा थप नागरिकमैत्री बनाइनेछ ।

३. आर्थिक अभावका कारण न्याय प्राप्त गर्न कठिनाइ भोगिरहेका नागरिकहरूका लागि निःशुल्क कानुनी सहायता तथा परामर्श सेवा उपलब्ध गराई न्यायमा समान पहुँच सुनिश्चित गरिनेछ ।

४. जिल्ला अदालत, स्थानीय प्रशासन, नेपाल प्रहरी तथा अन्य सरोकारवाला निकायहरूसँग नियमित समन्वय, सहकार्य र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी न्याय सम्पादन प्रक्रियालाई थप प्रभावकारी, उत्तरदायी र विश्वसनीय बनाइनेछ ।

५. समय, श्रम र आर्थिक व्यय न्यूनीकरण गर्दै सामाजिक सद्भाव कायम राख्न "पहिले मेलमिलाप, त्यसपछि मात्र न्यायिक प्रक्रिया" भन्ने अवधारणालाई प्रवर्द्धन गरिनेछ। स्थानीय स्तरका विवादहरूलाई अदालतसम्म पुग्नुअघि मेलमिलाप केन्द्रमार्फत समाधान गर्न प्रोत्साहित गरिनेछ ।

**सुशासन सम्बन्धि नीतिहरु**

१."भ्रष्टाचारमुक्त प्रशासन : हाम्रो प्रतिबद्धता" भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै सेवा प्रवाहमा हुने ढिलासुस्ती, अनियमितता तथा अपारदर्शी अभ्यासलाई पूर्ण रूपमा निरुत्साहित गरिनेछ। प्रक्रियागत जटिलता न्यूनीकरण गरी परिणाममुखी, छरितो र नागरिकमैत्री सेवा प्रवाहमा जोड दिइनेछ ।

२. २० लाख रुपैयाँभन्दा माथिका सार्वजनिक खरिद तथा निर्माण कार्यहरू सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को विद्युतीय खरिद प्रणालीमार्फत प्रतिस्पर्धात्मक र पारदर्शी ढङ्गले सञ्चालन गरिनेछ। साथै विगतका बेरुजु फर्स्यौटका लागि विशेष कार्यदल गठन गरी वित्तीय अनुशासन सुदृढ बनाइनेछ तथा राष्ट्रिय सतर्कता केन्द्र र महालेखा परीक्षकका सुझावहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

३. पालिका तथा वडा स्तरबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूमा नागरिकको अपनत्व र सहभागिता अभिवृद्धि गर्न नियमित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक संवाद कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन हुनेछ।

४. करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै आएका सेवाहरू गाउँपालिकामार्फत नै उपलब्ध गराई सेवा पहुँचलाई थप सहज, प्रभावकारी र नागरिकमैत्री बनाइनेछ। साथै वडा नं. ८ को पाण्डवचोकमा प्रहरी बिट स्थापना गर्न आवश्यक पहल गरी शान्ति सुरक्षा तथा सेवा पहुँच अभिवृद्धि गरिनेछ।

५. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LGPAS) का सूचकहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सुशासन, सेवा प्रवाह, वित्तीय व्यवस्थापन र विकास परिणाममा उत्कृष्टता हासिल गर्ने लक्ष्यका साथ योजनाबद्ध रूपमा कार्य गरिनेछ।

**जनप्रतिनिधि तथा कर्मचारिको क्षमता विकास सम्बन्धि नीतिहरु**

१. "सुशासन र समृद्धि" को लक्ष्य हासिल गर्न जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूका लागि सकारात्मक सोच, नेतृत्व विकास, संस्थागत क्षमता अभिवृद्धि तथा उत्प्रेरणामूलक कार्यशाला सञ्चालन गरिनेछ।

२. देशका उत्कृष्ट कार्यसम्पादन गरेका स्थानीय तहहरूको अध्ययन, अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरी सफल अभ्यासहरू (Best Practices) लाई स्थानीय आवश्यकता अनुसार अपनाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

३. जनप्रतिनिधि र कर्मचारीहरूको कार्यसम्पादन, मूल्य–मान्यता तथा आचरणलाई सेवा प्रवाह र विकास परिणामसँग आबद्ध गरिनेछ। साथै नियमित नागरिक सन्तुष्टि सर्वेक्षण सञ्चालन गरी प्राप्त सुझावका आधारमा सेवा तथा कार्यसम्पादनमा सुधार गरिनेछ।

४. कर्मचारीहरूमा प्रशासनिक सदाचार, वित्तीय अनुशासन, व्यावसायिक नैतिकता तथा सेवाग्राहीप्रतिको उत्तरदायित्व अभिवृद्धि गर्न "नागरिकमैत्री प्रशासन" सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै सार्वजनिक खरिद, ठेक्का व्यवस्थापन तथा उपभोक्ता समिति मार्फत हुने कार्यमा पारदर्शिता कायम गर्न सदाचार तथा अनुगमन क्षमता विकासका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५. बदलिँदो सूचना प्रविधिको युगअनुसार सेवा प्रवाहलाई आधुनिक, प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारी तथा जनप्रतिनिधिहरूलाई कृत्रिम बुद्धिमत्ता (AI), डेटा विश्लेषण तथा आधुनिक व्यवस्थापन उपकरणसम्बन्धी तालिम प्रदान गरिनेछ। साथै प्राविधिक कर्मचारीहरूलाई उपलब्ध हुँदै आएको फिल्ड भत्तालाई निरन्तरता दिई कार्यसम्पादनमा थप उत्प्रेरणा प्रदान गरिनेछ।

## खाद्य सुरक्षा तथा पोषण सम्बन्धि नीतिहरु

१. खाद्यान्न उत्पादन, भण्डारण तथा वितरण प्रणालीलाई थप प्रभावकारी, न्यायोचित र दिगो बनाउँदै गुणस्तरीय मल, बीउ, प्रविधि तथा कृषि सेवाको पहुँच सुनिश्चित गरिनेछ । साथै आपतकालीन अवस्थासमेत सामना गर्न सक्ने वैज्ञानिक भण्डारण तथा समन्यायिक वितरण प्रणालीको विकासलाई निरन्तरता दिइनेछ।

२. "स्वच्छ र सन्तुलित आहार, निरोगी जीवनको आधार" भन्ने अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विद्यालय तथा समुदाय स्तरमा पोषण शिक्षा, स्वस्थ खानपान प्रवर्द्धन तथा जंक फुडको प्रयोग न्यूनीकरणका लागि व्यापक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३. प्राकृतिक प्रकोप, अनिकाल, आर्थिक रूपमा विपन्न तथा भूमिहीन परिवारहरूको पहिचान गरी विशेष पोषण सुरक्षा तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ । साथै पोषणमैत्री स्थानीय शासन निर्देशिकाका सूचकहरू क्रमशः पूरा गर्दै गाउँपालिकालाई पोषणमैत्री स्थानीय तहको रूपमा विकास गर्न आवश्यक स्रोत तथा बजेट सुनिश्चित गरिनेछ।

४. साझेदार संघसंस्थासँगको सहकार्यमा पालिका स्तरीय पोषण पार्श्वचित्र तथा पोषण अवस्था प्रतिवेदन तयार गरी तथ्यमा आधारित योजना तर्जुमा गरिनेछ। साथै रैथाने बालीहरूको उत्पादन, संरक्षण, प्रवर्द्धन तथा बजारीकरणमार्फत स्थानीय खाद्य सुरक्षा, पोषण सुधार र आर्थिक समृद्धिलाई सुदृढ बनाइनेछ।

## महिला बालबालिका सम्बन्धि नीतिहरु

१. महिला तथा बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद, शोषण तथा कुप्रथाको अन्त्य गर्न सचेतना, संरक्षण तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ । साथै साझेदार संस्थासँगको सहकार्यमा बालविवाह न्यूनीकरण गर्दै क्रमशः बालविवाहमुक्त गाउँपालिका निर्माण अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

२. विपन्न, सीमान्तकृत तथा लक्षित वर्गका बालिकाहरूलाई विद्यालयमा टिकाइराख्न तथा उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति, प्रोत्साहन तथा शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। साथै स्थानीय तहको योजना तर्जुमा तथा निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३. बालश्रम, बालशोषण तथा बालअधिकार उल्लङ्घनका घटनाहरू न्यूनीकरण गर्दै बालश्रममुक्त गाउँपालिका निर्माणका लागि आवश्यक आधार तयार गरिनेछ । साथै बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाका सूचकहरू क्रमशः पूरा गर्दै गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्ने अभियानलाई निरन्तरता दिइनेछ।

४. स्वास्थ्य स्वयंसेविका, आमा समूह तथा टोल विकास समितिमार्फत लैङ्गिक समानता, प्रजनन स्वास्थ्य तथा कानुनी सचेतना अभिवृद्धि गरिनेछ । विशेष गरी लिङ्ग पहिचानका आधारमा गरिने गर्भपतन कानुनविपरीत कार्य भएको विषयमा व्यापक जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सबै सरकारी कार्यालयहरूमा स्तनपान कक्ष स्थापना गरी महिला तथा शिशुमैत्री सेवा वातावरण निर्माण गरिनेछ । साथै अपाङ्गता भएका व्यक्तिहरूको शीघ्र पहिचान, आवश्यक परामर्श तथा प्रेषण सेवालाई प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि तथा सेवा सुदृढीकरण गरिनेछ ।

**अन्तमा,**

यस सम्मानित सभामा प्रस्तुत नीति तथा कार्यक्रमको तयारीका क्रममा अमूल्य सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनीतिक दलहरू, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, बुद्धिजिवीहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू र सम्पूर्ण गाउँबासि दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। यस नीति तथा कार्यक्रमले हाम्रो स्थानीय तहको विकासमा कोशेढुङ्गा सावित हुने र यसको सफल कार्यान्वयनमा सबै क्षेत्रबाट पूर्ण सहयोग ,ऐक्यबद्धता र निरन्तर मार्गदर्शन प्राप्त हुने विश्वास लिएको छु।

"यो नीति तथा कार्यक्रम केवल आकांक्षा र कागजी दस्तावेज मात्र होइन। यसको पूर्ण र अक्षरसः कार्यान्वयन मार्फत नागरिकको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन ल्याउन यो स्थानीय सरकार प्रतिवद्ध छ। योजनाहरूको छनोट, बजेट विनियोजन र कार्यान्वयन प्रक्रियामा पूर्ण पारदर्शिता, सदाचार र शून्य सहनशीलता को नीति अवलम्बन गरिनेछ। विकासका हरेक चरणमा जनसहभागिता र सार्वजनिक सुनुवाइलाई अनिवार्य बनाइनेछ। हाम्रो साझा प्रयास, सहकार्य र आपसी सद्भावबाट नै समृद्ध र समुन्नत गाउँपालिका निर्माण सम्भव छ। यस नीति तथा कार्यक्रमलाई स्वीकृत गरी बजेट निर्माणको प्रक्रियामा अघि बढ्न यो सम्मानित सभालाई हार्दिक अनुरोध गर्दछु।

धन्यवाद ।

अध्यक्ष

दामोदर प्रसाद आचार्य

कनकासुन्दरी गाउँपालिका

विराट सिंजा जुम्ला